गोलबजार नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय,

गोलबजार, सिरहा

मधेश प्रदेश, नेपाल

## पोखरी ठेक्का सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०२/२८)

यस नगरपालिका क्षेत्राधिकार भित्र रहेका देहाय वमोजिमको सार्वजनिक ऐलानी पोखरीहरु जे जो अवस्थामा छन सोही अवस्थामा नै आ.व .२०८२/०८३ देखी २०८४/०८५ सम्मको लागी माछा तथा मखान उत्पादन गर्ने प्रयोजनको लागी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुवाट निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलवन्दी कोटेशन दिन सम्वन्धित सवैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

## शर्तहरु

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनसम्म अर्थात मिति २०८२।०३।११ गतेसम्म कार्यालय समय भित्र उल्लेखित बोलपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको राजस्व शाखा वाट बोलपत्र फारम खरिद गर्न सकिनेछ। साथै बोलपत्र फाराम खरिद गर्दा आवश्यक कागजात सहित निवेदन दिनुपर्नेछ।

२. खरिद गरिएको बोलपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरी सम्बन्धीत व्यक्तिले पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर पोखरीको नाम, प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी १६(सोह्र) औं दिन अर्थात २०८२।०३।१२ गते दिनको १२:०० बजेसम्म खाम यस कार्यालयबाट खरिद गरिएको सिलबन्दी बोलपत्र फारम यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। यसरी दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजे उपस्थित बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा नगरपालिकाको कार्यालयमा खोलिने छ। उक्त समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा रितपूर्वकको बोलपत्र खोल्ने कार्यमा वाधा पर्ने छैन।

३. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ।

४. सिलबन्दी बोलपत्र साथ आफूले कवोल गरेको अंकको नेपाली नागरिक भए ५% र विदेशी नागरिक भए १०% ले हुने धरौटी रकम यस कार्यालयको नाममा रहेको ग्लोलब आई.एम.ई बैंक शाखा कार्यालय, गोलबजार, सिरहा स्थित (५५०४०१००००१६) धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राख्नु पर्नेछ।

५. बोलपत्र फारम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

६. ठेक्का अवधि आ.व.२०८२।०८३ देखि आ.व. २०८४।०८५ सम्मको २०८५ आसार मसान्त सम्म हुनेछ।

७. बोलपत्र पेश गर्दा बोलपत्रदाताको तर्फवाट कुनै किसिमको शर्त मान्य हुनेछैन। शर्त सहितको बोलपत्रलाई बदर गरिनेछ। साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

८. ठेक्का सम्वन्धि कुनै समस्या आई परेमा वा यसमा उल्लेख भएका कुराहरुमा सोही वमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद नियमावली २०६४ तथा नेपाल सरकारवाट समय समयमा भए गरेको आदेश, निर्देशन र परिपत्रको आधारमा नगरपालिकाले समाधान गर्ने छ र सोही समाधान अन्तिम पनि हुनेछ।

९. प्राप्त बोलपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१०. आफुले कबोल गरेको सम्पुर्ण अङ्क (स्वीकृत) रकम अग्रिमरुपमा बुझाउनु पर्नेछ र यसरी अग्रीम रुपमा सम्झौता गर्दा कै बखत एकमुष्ट बुझाए वापत कार्यालयवाट कबोल अंकको १० (दश) प्रतिशत छुट दिइनेछ। किस्तावन्दी गरेमा छुट हुनेछैन

र तिन किस्तामा राजस्व जम्मा गर्नुपर्नेछ । पहिलो किस्ता (कबोल अंकको ४०%) रकम सम्झौता गर्ने समयमा बुझाउनु पर्नेछ, दोस्रो किस्ताको (कबोल अंकको ३०%) रकम २०८३ श्रावण मसान्तसम्मा र तेस्रो किस्ता (कबोल अंकको ३०%) रकम २०८४ श्रावण मसान्तसम्म बझाउनु पर्नेछ । तोकिएको समयमा किस्ता नबुझाए म्याद नाघेको पहिलो सात दिन ५% , पहिलो महिना ७% र त्यस पश्चात मासिक १०% जरिवाना लाग्नेछ । पहिलो किस्ता बाहेक रकम वापत यस कार्यालयको नाममा २०८५ साल असोज महिनासम्मको बैंक ग्यारेण्टी (कार्य सम्पादन जमानत) धितो पेश गरि मात्र सम्झौता गरी पट्टा उठाउन पाउनेछ । म्याद भित्र बैंक ग्यारेण्टी पेश नभएको र सम्झौता नगरेको खण्डमा त्यसपछिको बोलपत्रवालालाई नियमानुसारको प्रकृया अगाडी बढाई दिइनेछ ।

११. यसमा उल्लेखित बाहेक अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु सम्झौताका बखत निर्धारित हुनेछन् ।

१२. स्वीकृत ठेक्का रकममा नियमानुसार लाग्ने करहरु सम्बन्धीत ठेक्कादारले स्वयम बुझाई सक्कलै भौचर यस कार्यालयको राजस्व शाखामा चालु आर्थिक वर्षमा नै बुझाउनुपर्नेछ ।

१३. नगरपालिकालाई नगदी जिन्सी तिर्न बुझाउनु बाँकी रहेको व्यक्ती/संस्था/फर्म/कम्पनीले निवेदन खरिद गर्न पाउने छैन र खरिद गरी ठेक्का स्वीकृत भएपनि पछि रद्द गरिनेछ ।

१४. प्रत्येक पोखरीको सिलबन्दी खाम छुटाछुटै दिनुपर्नेछ र खामको बाहिरपट्टी कुन पोखरीको हो खुलाउनु पर्नेछ ।

१५. रित नपुगेको तथा म्याद नाघी आएको कोटेशन उपर कुनै कारवाही हुने छैन ।

१६. पोखरीको संरचना आफुखुसी विगारेमा वा पोखरीमा विषालु औषधी प्रयोग गरेको पाईएमा सोको क्षतीपुर्ती ठेक्का लिने व्यक्तीवाट नगरपालिकाले असुल उपर गरी कानुनी कारवाही गरिनेछ ।

१७. उपरोक्त लेखिए वाहेक अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

१८. रकम कवोल गर्दा तल उल्लेखित न्युनतम ठेक्का रकम भन्दा कम कवोल गर्न पाइने छैन । सवैभन्दा वढी रकम कवोल गर्नेको र रित पुगेको बोलपत्र स्वीकृत हुनेछ ।

१९. बोलपत्र सम्वन्धी थप जानकारीको लागि कार्यालय समयमा राजस्व शाखामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

## आ.व.०८२। ०८३ देखी ०८४। ०८५ सम्म ठेक्का लाग्ने पोखरीहरु

| क्र.सं. | पोखरीको नाम | ठेगाना | न्यूनतम रकम (भ्याट बाहेक) |
|---|---|---|---|
| १ | सिचाई बाँध पोखरी | १ | २८०००० |
| २ | कसहा खोला पोखरी | १ | ४०००० |
| ३ | खजनपुरीया पोखरी | १ | ६१५०० |
| ४ | डाबर खाता | १ | ५५०० |
| ५ | राम भरोसको पोखरी | १ | ४०००० |
| ६ | वहिरी वाँधको पोखरी | १ | ३०१००० |
| ७ | सिता पोखरी, डम्बर खाता, अन्ध्र पोखरी | १ | २२५०० |
| ८ | भर्तिवाला पोखरी | १ | १९००० |
| ९ | जम्दह-४ का रामकुमार वाला पोखरी | ३ | ५६००० |
| १० | विष्ट घर निरको पोखरी | ४ | २६३५०० |
| ११ | भट्ट पोखरी | ४ | ७१५०० |
| १२ | गौतम पोखरी | ५ | २५५१०० |

| | | | |
|---|---|---|---|
| १३ | असनपुर २ पोखरी | ५ | १२५१०० |
| १४ | असनपुर ३ पोखरी | ५ | ४१०५० |
| १५ | असनपुर ३ पोखरी | ५ | १५१००५ |
| १६ | असनपुर ८ पोखरी | ६ | ७०००० |
| १७ | चन्द्रलालपुर-७ खाता कुर्मीटोल | ७ | १४०० |
| १८ | भाईजीटोल पोखरी | ८ | १६६००० |
| १९ | गिट्टीवालाको पोखरी | ८ | ६०५००० |
| २० | भरत कुन्ड मैनावती पोखरी | ८ | ७३५० |
| २१ | खाता पोखरी | ८ | ५००० |
| २२ | इन्द्रेणी दह पोखरी | ९ | १५१५०० |
| २३ | डण्डा पोखरी | ९ | २६८००० |
| २४ | आ. बलकवा ढाङ्गर टोल | ११ | ३५७०० |
| २५ | बेतौना ७ पोखरी | १२ | ५२५००० |
| २६ | वेतौना ४ ग नंगुरवा पोखरी | १२ | ३११००० |
| २७ | बेतौना ४ क गाउँब्लक पोखरी | १२ | ७५००० |
| २८ | बेतौना ३ गाविस पोखरी | १२ | १५०१०० |
| २९ | बेतौना ४ क २ मोहन साहवाल पोखरी | १२ | ७५५०० |
| ३० | बेतौना ५ अर्जिलालवाला पोखरी | १२ | २६०५०० |
| ३१ | बेतौना ४ क बेतौना २ हरिदेववाला | १२ | १०५७०० |
| ३२ | बेतौना ३ ग बेतौना ३ दुर्गा मन्दिर | १२ | २१०००० |
| ३३ | बेतौना ४ ग बेतौना ५ मिनहै | १२ | ३१५०० |
| ३४ | बेतौना-९क बैतौना ९ हरिदेव महतो | १२ | १०५७०० |
| ३५ | भट्टीवाला पोखरी | १३ | ३२५००० |
| ३६ | भानवाला पोखरी | १३ | २६१००० |
| ३७ | धुरमौवा पोखरी | १३ | १११००० |
| ३८ | इश्रीवालाको पोखरी | १३ | २५१००० |
| ३९ | मैजनिया पोखरी | १३ | १०१००० |
| ४० | जिम्दार पोखरी | १३ | ४०५००० |

गोलबजार नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
गोलबजार, सिरहा ।